" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

# मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, (नेपाल)

प.सं. : २०८३/०८४

सू.नं. : ०१/स्वा./०८३/८४

मिति : २०८३/०५/२९

ने.सं.११४६ जलाथ्व ३ सोमबार

## स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण सम्बन्धी सूचना

## (पहिलो पटक प्रकाशित मिति २०८३।०५।२९)

यस मिक्लाजुङ गाउँपालिका आ.व.०८३/८४ को वार्षिक स्विकृत कार्यक्रम अनुसार यस पालिका अन्तर्गत ५(पाँच) वटा स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा नेपाल सरकारको विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही सेवा खरिद गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका संस्था वा परामर्शदाताले नियमानुसार सूचना प्रकाशित भएको मितिले १०(दश) दिन भित्र वा सो दिन विदा पर्न गएको कार्यालयको खुलेको कार्यालय समयमा परियोजना प्रस्ताव र आर्थिक प्रस्तावना सहित यस कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. परामर्शदाताको शैक्षिक योग्यता स्नातक तह वा सो सरहको हुनुपर्ने र प्रतिलिपि पेश गर्नुपर्नेछ।

२. सामाजिक परिचालन तालिम लिएको तथा गोष्ठीहरुमा सहजीकरण कार्यमा कम्तिमा ३ वर्ष अनुभव भएको प्रमाणको प्रतिलिपि पेश गर्नुपर्नेछ।

३. सूचना संकलन, विश्लेषण तथा प्रतिवेदन लेख्ने सिप र अनुभव भएको हुनु पर्नेछ।

४. स्थानीय तहको स्वास्थ्य सेवा प्रवाह र सरकारले उपलब्ध गराउने स्वास्थ्य सम्बन्धी सेवा सुविधा तथा सेवा प्रदान गर्दै पद्धति र प्रक्रियाको राम्रो जानकारी भएको हुनु पर्नेछ साथै सामाजिक परीक्षण कार्यको सिलसिलामा सामाजिक परीक्षक स्थानीय तह प्रति उत्तरदायी हुनुपर्नेछ।

५. संस्था नविकरण तथा व्यवसायिक इजाजत प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।

६. माथि उल्लेखित कागजातहरु पेश नभएको निवेदन उपर कारवाही हुने छैन।

७. कर चुक्ता भएको कागजात तथा पालिकामा सूचीकृत भएको निस्सा प्रमाणपत्र पेश गर्नुपर्नेछ।

८. छनौट परामर्शदाताले पालिका अन्तर्गत दुर्दिम्बा, लिम्बा, सराङडाँडा क्षेत्रमा कार्यपरीक्षण गर्नुपर्नेछ।

थप जानकारीको लागि कार्यालयको सम्पर्क नं.९८५२६८४८३२ मा सम्पर्क गर्न सकिनेछ।

२०८३/०५/२९

(सन्तोष श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत